दर्ता नं. ३१४(३०/०६३-०६४) फोन नं. ०८१-५५१०४१

# पौरखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## नेपालगन्ज उ.म.न.पा. १८, कारकाँदो बाँके

# १८औँ वार्षिक साधारण सभा

# वार्षिक प्रतिवेदन २०८०/८१

## २०८१ साल आश्विन १२ गते शनिवार

email : paurakheemtp@gmail.com | web : paurakheecooperative.org.np | https://www.facebook.com/paurakhee.sanstha

## संस्थाका सल्लाहकारज्यूहरु


हरि तिमिल्सिना


नारायणी अधिकारी


शान्तिराज रेग्मी


ऐन ब. हमाल


विष्णु प्र. उपाध्याय

## सञ्चालक समिति


मीना बराल
उपाध्यक्ष


दुर्गाप्रसाद अधिकारी
अध्यक्ष


सतानन्द उपाध्याय
सचिव


दिलबहादुर खड्का
सहसचिव


पूर्णदेव गिरी
कोषाध्यक्ष


मीना चन्द
सदस्य


सन्तकुमार वर्मा
सदस्य


केशवराज अधिकारी
सदस्य


पवन गौतम
सदस्य


शशिधर अधिकारी
सदस्य


अन्जु गुरुङ
सदस्य

## लेखा सुपरीवेक्षण समिति


सुरेन्द्रकुमार वर्मा
सदस्य


जगदीशचन्द्र तिमिल्सिना
संयोजक


पूर्णाकुमारी शर्मा
सदस्य

## ऋण उपसमिति


राजकुमार थारु
सदस्य


पूर्णदेव गिरी
संयोजक


हेमन्त अधिकारी
सदस्य

## कार्यरत कर्मचारीहरू


सञ्जयकुमार वर्मा
व्यवस्थापक


विष्णुप्रसाद शर्मा
कार्यालय सहायक


सृजना चौधरी
सहलेखापाल


द्रौपदि कुमारी सिंजापति
सहलेखापाल


भावना उपाध्याय
बजार प्रतिनिधि


कमलेश कुमार राढ
स्टोरकिपर

दर्ता नं. ३१४(३०/०६३-०६४)
पान नं. ३०२९४५९८०
email : paurakheemtp@gmail.com
website : paurakheecooperative.org.np
फोन: ०८१-५५१०४१

# पौरखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

नेपालगन्ज उपमहानगरपालिका-१८ कारकाँदो बाँके

# Paurakhee Multipurpose Co-operative Ltd.

Nepalgunj Sub-Metropolitan City-18 Karkando Banke

पत्र सङ्ख्या:- ०८१/०८२
चलानी नं.:-
मिति : २०८१/०५/१२

श्री सेयर सदस्यज्यू,
पौरखी बहुउद्देश्यीय सहकारी संस्था लि.
नेपालगन्ज उमनपा-१८, कारकाँदो बाँके ।

**विषय : १८औं वार्षिक साधारणसभा सम्बन्धमा ।**

महोदय,

यस पौरखी बहुउद्देश्यीय सहकारी संस्थाको सञ्चालक समितिको मिति २०८१/०५/१२ गते बसेको बैठकको निर्णयानुसार यस संस्थाको १८औं वार्षिक साधारणसभा तपसिल बमोजिमका मिति, स्थान र समयमा गरिने भएकाले सदस्यहरुको गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध छ । साधारणसभामा सेयर सदस्यबाहेक अन्य नातेदारलाई सहभागी गराउन नमिल्ने भएकाले स्वयं उपस्थित भई सक्रिय सहभागी हुन हार्दिक अनुरोध छ ।

**साधारणसभामा प्रस्तुत गरिने प्रस्तावहरुः**

१. संस्थाको आ.व. २०८०/०८१ को प्रगति र चालु आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम,
२. संस्थाको आ.व. २०८०/०८१ को यथार्थ आयव्यय तथा चालु आ.व. २०८१/०८२ को अनुमानित आयव्ययसम्बन्धी प्रतिवेदन,
३. आ.व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदनमाथि छलफल तथा पारित गर्ने,
४. आ.व. २०८०/०८१ को लेखासुपरीवेक्षण समितिको प्रतिवेदनमाथि छलफल र पारित गर्ने ।
५. संस्थाको विनियम अनुमोदन,
६. चालु आ.व. २०८१/०८२ का लागि लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण,
७. नयाँ सञ्चालक समितिको निर्वाचन,
८. विविध ।

**तपसिल**

मिति : २०८१ असोज १२ गते शनिवार ।
स्थान : सिद्धार्थ कटेज रेस्टुरेन्ट, सुर्खेतरोड बेलासपुर नेपालगन्ज ।
समय : बिहान १०:३० बजे ।

आज्ञाले

सतानन्द उपाध्याय
(सचिव)

# पौरखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## ने.ग.उ.म.न.पा-१८ कारकाँदो, बाँके

### १८औं वार्षिक साधारणसभा (मिति २०८१/०६/१२ गते) मा

### सञ्चालक समितिकातर्फबाट अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन

**यस १८औं साधारणसभाका प्रमुख अतिथिज्यू,**

**विशिष्ट अतिथिज्यू,**

अतिथिज्यूहरू, लेखा सुपरीवेक्षण समितिका संयोजकज्यू, सल्लाहकारज्यूहरू, संस्थाका उपाध्यक्ष लगायत पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरीवेक्षण समितिका सदस्यज्युहरू, संस्थाका व्यवस्थापक तथा अन्य कर्मचारीहरू तथा सञ्चारकर्मी मित्रहरू र यस सभालाई सफल बनाउन पाल्नु भएका सेयरधनी महानुभावज्यूहरूमा मेरो व्यक्तिगत र संस्थाको तर्फबाट हार्दिक न्यानो सहकारी अभिवादनको साथमा हार्दिक स्वागत गर्दछु ।

**आदरणीय सभासदज्यूहरू !**

हामीले यस वर्ष "सहकारी सुशासन : प्रविधि र एकीकरण" भन्ने नाराका साथ राष्ट्रिय सहकारी दिवस मनाएका छौं । जिम्मेवार सहकारी संस्थाहरू सहकारीहरूमा देखिएका विकृतिविसङ्गतिहरूलाई हटाउँदै सुशासन कायम गर्दै प्रविधिमैत्री बन्दै गइरहेको अवस्थामा हामी पनि आफ्नो सहकारीमा सुशासन कायम गर्दै प्रविधिमैत्री बनेका छौं । विश्वका अधिकांश देशले आर्थिक, सामाजिक, सांस्कृतिक विकास र उन्नयनका लागि तीन खम्बे अर्थनीतिको परिकल्पना गरी आआफ्नो मुलुकको समृद्धिमा लागिरहेको परिप्रेक्षमा नेपालमा पनि तीन खम्बे अर्थनीति अङ्गिकार गरी बखान सहकारी हुँदै प्रजातन्त्रको स्थापनापश्चात् २०४९ सालबाट नेपालमा सहकारी अभियानले फस्टाउने अवसर पायो । यसै अवसरलाई हामीले पनि उपयोग गर्दै २०६३ सालमा विनियम तयार गरी यस पौरखी बहुउद्देश्यीय सहकारी संस्थाको स्थापना गरिएको हो । संस्थाले स्थापनाकालदेखि नै सहकारीका मूल्यमान्यता र आधारभूत सिद्धान्तमा अडिग रही सुझबुझका साथ आर्थिक कारोबार सञ्चालन गरी निरन्तर प्रगति गर्दै आजसम्म आइपुगेको छ ।

कोभिड-१९ पछि अन्तराष्ट्रिय स्तरमा विभिन्न किसिमका युद्ध, खाद्यान्न तथा पेट्रोलियम पदार्थको मूल्यवृद्धि, बढ्दो ब्याजदर, कडा मौद्रिक नीति, डलरको उच्च मूल्यवृद्धि, मुद्रास्फीतिमा बृद्धि जस्ता समस्याहरूले गर्दा प्रत्येक देशको वित्तीय बजारमा विकास हुन नसकिरहेकोले यसको असर हाम्रो देश र सहकारी क्षेत्रमा पनि परेको यहाँहरू माझ राख्न चाहन्छु ।

हाम्रो देश नेपालमा २०१३ सालमा सहकारी स्थापना भई २०७४ असारसम्म आइपुग्दा ३४ हजार ५ सय १२ विभिन्न प्रयोजनका सहकारी स्थापना भई देशका यत्रतत्र सर्वत्र रुपमा आफ्नो सेवा जनस्तरमा पुऱ्याई सहकारी अभियानमा करिब ६३ लाख नेपालीहरू आबद्ध भई ७५ अर्ब ७४ करोड सेयर पुँजी, २ खर्ब ९८ अर्ब बचत सङ्कलन, २ खर्ब ९२ अर्ब ऋण लगानी भएको छ । झन्डै ५० हजार प्रत्येक्ष र ५ लाखले अप्रत्यक्ष रोजगारी पाएका छन् । साथै देशको कुल गार्हस्थ उत्पादनमा ५% र वित्तीय क्षेत्रको पहुँचमा २०% योगदान सहकारी क्षेत्रको रहेको छ ।

मूलतः देशमा विद्यमान विभिन्न प्रयोजनका सहकारीहरूले देशमा छरिएर रहेको ससाना बचत सङ्कलन गरी सङ्कलित बचतको उचित परिचालन, रासायनिक मल, उन्नत बिउबिजन, कृषि व्यवसाय अन्तर्गत दुग्ध उत्पादन, माछा पालन, पशु पालन, कुखुरा पालन, मौरी पालन तथा उत्पादित कृषिजन्य वस्तुहरूको वितरण ससाना उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, यातायात तथा रेमिट व्यवसाय, दैनिकीमा आइपर्ने महसुल फी, भाडा जस्ता अत्यावश्यक सेवाहरू पुऱ्याइरहेको छ ।

**सभासदज्यूहरू,**

प्रथमतः हाम्रो यस संस्थाले स्थापनाकालदेखि अविच्छिन्न रुपमा खुद बचत गर्दै १८ वर्ष पूरा गरेको छ । देशमा कोभिड-१९ को प्रभाव आर्थिक मन्दीको चपेटा, राजनीतिक अस्थिरता र जैविक विपत्ति लगायतका अनेकौं समस्याहरूमा पनि हाम्रो संस्थालाई नाफामूलक बनाई यहाँसम्म पुऱ्याउन योगदान दिनुभएका सम्पूर्ण सेयर सदस्यज्यूहरू, शुभचिन्तकहरू, सञ्चालक समितिका

सदस्यज्यूहरू, लेखा सुपरीवेक्षण समितिका सदस्यज्यूहरू, सल्लाहकार समितिका सदस्यज्यूहरू, अन्य उपसमितिका सदस्यज्यूहरू साथै कर्मचारी वर्गहरूको यस संस्थाको विकासमा अतुलनीय योगदान रहको छ । यस संस्थाको विकासको लागि संस्थामा विद्यमान कुशल नेतृत्व, सबैको सक्रिय सहयोग, लगनशीलता, इमान्दारिता र जवाफदेहिताले गर्दा यो सम्भावना भएको यस गरिमामय सभामा व्यक्त गर्दछु ।

देशमा विद्यमान सहकारीहरूले देश र जनताको सेवा अटुट रुपमा दिँदै आइरहेको वर्तमान अवस्थामा केही सहकारीका अगुवाहरूले सहकारीलाई व्यक्तिगत कम्पनीको रुपमा प्रयोग गरी सफलताका साथ सञ्चालन भइरहेका विभिन्न किसिमका सहकारीहरूलाई प्राय बन्द अवस्थामा पुऱ्याई आफूहरू बेखवर भई सिङ्गो सहकारी अभियानलाई 'चन्द्रमामा दाग' भनेझैँ बदनाम गराउने जस्ता समाचारहरू यदाकदा आउने गरेको पाइन्छ । यस्तो विकराल परिस्थितिमा 'एकका लागि सबै, सबैका लागि एक' भन्ने मूल नारालाई मूल मन्त्र मानी सबै सहकारीहरूले आपसमा स्वस्थ प्रतिस्पर्धा गरी देश र जनताको सेवामा निरन्तर लाग्नु आजको सहकारी अभियानको प्रमुख कार्यभार रहेको छ ।

सहकारी संस्थामा समस्या आउने भनेकै सञ्चालक र कर्मचारीको कार्यक्षमता नपुग्नु, कर्जा र निक्षेपको अनुपात नमिल्नु, सहकारीका सिद्धान्तहरूलाई आत्मसात् नगर्नु, सहकारीलाई ठगहरूले आफ्नो कम्पनीका रुपमा विकास गर्न खोज्नु, सुशासनको ख्याल नगर्नु, सञ्चालन लागतको ख्याल नगर्नु, सञ्चालक र कर्मचारीहरूले विभिन्न किसिमका सहकारीसम्बन्धी कार्यमा लिएका पेस्कीहरू समयमै फर्छ्यौट नगर्नु, सदस्यहरूले आफूलाई आवश्यकता परेको बेला लिएको कर्जा नियमित रुपले फिर्ता नगरी कर्जाको भाखा नघाई विभिन्न बाहानामा आलटाल गर्नु, सेयर सदस्यहरूले मासिक रुपमा बुझाउँदै आएको मासिक बचत जम्मा नगर्नु, सञ्चालन खर्चमा फजुल खर्चलाई प्रोत्साहन दिनु जस्ता कुराहरू मुख्य हुन् । यस्ता समस्याहरूको समयमै पहिचान गरी सकेसम्म न्यून गर्दै सहकारीको श्रीवृद्धि गर्न सबै संस्थाप्रति उत्तरदायी सदस्यहरूको निरन्तर प्रभावकारी लगाव, जवाफदेहिता र अग्रणी भूमिकाको खाँचो छ । यति भए मात्र सहकारीलाई उद्देश्यअनुसार सञ्चालन गर्न सकिन्छ ।

देशको मेरुदण्डको रुपमा विकास भएको सहकारी क्षेत्रलाई सरकारी तवरबाट पनि समयसमयमा प्रभावकारी अनुगमनको टट्कारो आवश्यकता पर्दछ । सहकारी क्षेत्रबाट पनि सहकारी विभागबाट भएको नीति निर्देशन, अनुगमनबाट दिएका सुझावहरूको पालना गर्दै सहकारी क्षेत्रको मूल्यमान्यताअनुरुप अगाडि बढी एक सबल र सक्षम सहकारी निर्माण गर्न उच्च मनोवलका साथ दिलो ज्यानले लाग्नुपर्ने देखिन्छ । यो महान् सहकारी अभियानलाई देश र जनताप्रति समर्पित गरी परिणाममुखी बनाउन सक्षम नेतृत्व निर्माण र सवल र सक्षम जनशक्तिको विकासमा पनि निरन्तर लागिरहनु पर्दछ ।

समाजको विभिन्न क्षेत्रमा छरिएर रहेको ससानो पुँजी नै सहकारीको मूल आधार हो । सहकारीको माध्यमबाट यो पुँजीलाई एकीकृत गरी सालना पलाएन भएको दक्ष तथा अदक्ष जनशक्तिलाई आआफ्नो ज्ञान, सिप र पेसामा परिचालन गरी रोजगारीको अवसर सिर्जना गर्दै सबै जनजाति, वर्ग र समुदायका सदस्यहरूको आर्थिक जीवनस्तर माथि उठाई सुखी नेपाली बनाउने उद्देश्यलाई टेवा पुऱ्याउन हाम्रो पौरखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड लागिपरेको छ । यस कार्यमा सहयोग गर्न यस संस्थामा विद्यमान सेयर सदस्यज्यूहरूलाई विशेष आग्रह गर्दछु ।

**आदरणीय सभासदज्यूहरू,**

अब म हाम्रो संस्थाका गतिविधिहरू प्रस्तुत गर्दछु ।

## १. सहकारीको ऐतिहासिक पृष्ठभूमि र हालको अवस्था

सहकारी डिभिजन कार्यालय नेपालगन्ज बाँकेमा मिति २०६४/०२/३१ गते दर्ता भई २८ जना सेयर सदस्यबाट २८,०००।- सेयर पुँजी, २,८००।- बचत र रु ५,०००।- कर्जा लगानीबाट मिति २०६४/०३/०१ मा सुरु भएको यो संस्थाको २०८१ असार मसान्तसम्म आइपुग्दा सेयर सदस्य कुल १३५५, (पुरुष ७७४, महिला ५८१) सेयर पुँजी रु. १,६७,६६,०००।- कर्जा रु.५,९०,७०,५०१।- निक्षेप रु. ४,८४,०४,४६०।२० रहेको बेहोरा अवगत गराउँद छु ।

## २. संस्थाको कार्यक्षेत्र

सीमित कार्यक्षेत्रबाट कारोबार शुभारम्भ गरेको यस संस्थाले हाल आएर नेपालगन्ज उपमहानगरपालिकाका, कोहलपुर नगरपालिका, खजुरा गाउँपालिका, जानकी गाउँपालिका एवं डुँडुवा गाउँपालिकाका वडा नं ४ र ५ रहेको छ। यी सबै स्थानहरूमा आवश्यकता र मागअनुसार कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्दै आइरहेका छौँ।

## ३. विभिन्न व्यक्तित्वहरूको सम्मान

संस्थाको विकास र विस्तारमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने व्यक्तित्वहरूलाई सम्मान गर्ने परम्परा बसाइएको छ। फलस्वरुप संस्थाको स्थापना कालदेखि हालसम्म निम्न बमोजिम संस्थाभित्र र बाहिरका व्यक्तित्वज्यूहरूलाई सम्मान गरिएको छ।

यसरी संस्थाबाट सम्मानित व्यक्तित्वहरू ध्रुवराज आचार्य, ध्रुव देवकोटा, कमल पौडेल, अशोक कर्माचार्य, शान्तिराज रेग्मी, झलक गैरे, प्रेमबहादुर खड्का, प्रेमप्रसाद सुवेदी, देवेन्दराज पौडेल, बिष्णुप्रसाद ढकाल, डा. वेदबहादुर के.सी, सागर अधिकारी, नन्दराम न्यौपाने, कृष्णमान राज भण्डारी, पूर्णलाल चुके, विनोदकुमार शाह, केशव बडाल, राजेश पोखरेल, प्रकाशराज पौडेल, ऋषिराज पौडेल, पूर्णिमा हमाल, नारायणी अधिकारी, सतानन्द उपाध्याय, कोषराज रेग्मी, दुर्गाप्रसाद अधिकारी, जितबहादुर आर. सी, अर्जुन अधिकारी, सिर्जना घर्ती, परवेज अली सिद्धिकी, नारायण आचार्य, कमानसिंह बोहोरा, गणेश रेग्मी, रवीन्द्रप्रसाद उपाध्याय, इन्द्रबहादुर बस्नेत, पदम धिताल, वेदबहादुर के.सी, कविराज रेग्मी, दीपक वर्मा, खिमानन्द अर्याल, घनश्याम उपाध्याय, दिलबहादुर खड्का, पशुपति पाठक, चम्पसिंह थापा, रत्नराज ओझा, डा. रजनी के.सी शाह, क्वेष्ट फर्मास्युटिकल्स प्रा.लि ने.गं., लालमणी पोखरेल, मीना बराल, पूर्णदेव गिरी, शिखा डंगोल, गंगा थापा, जगदीश डाँगी, मोहनलक्ष्मी शाह, विजया धिताल (सञ्चालक राष्ट्रिय सहकारी बैङ्क), घना भुषाल (सेभ द चिल्ड्रेन नेपाल क्षेत्रीय निर्देशक), ऐनबहादुर हमाल, बिष्णुप्रसाद उपाध्याय, राजकुमार थारु, रमेश पौडेल (कृषि सामग्री कम्पनी लि.), डिलबहादुर थापा, यमबहादुर खत्री, केशव पौडेल, युवा तथा साना व्यवसायी स्वरोजगार कोषका अनुगमन अधिकृत मोहन अर्याल, ऋण असुली सहजकर्ता नितेश शर्मा भट्ट, पूर्व व्यवस्थापक तथा लेखा सुपरीवेक्षण समिति संयोजक जगदीश चन्द्र तिमिल्सिना, सञ्जयकुमार वर्मा, ब्रिनोज सामुदायिक कान स्वास्थ्य सेवाका हस्पिटल मेनेजर चेतनारायण चौधरी, नेपालगन्ज डेन्टल क्लिनिक नेपालगन्ज बाँके, भिजन आँखा अस्पतालका प्रोप्राइटर प्रचण्ड गौतम, देउराली फर्मास्युटिकल्स बिपी चोक नेपालगन्ज बाँके, मिडवेस्ट मेडिसिन डिस्ट्रिब्युटर्सका प्रोप्राइटर सुदीप खड्का, लुम्बिनी सर्जिकल सप्लायर्स नेपालगन्जका प्रोप्राइटर माधव प्रसाद न्यौपाने, कलस फर्मास्युटिकल्स नेपालगन्जका प्रोप्राइटर गोविन्द जिसी र भावना उपाध्यायलाई सम्मान गरिएको छ। यस वर्ष नेपालगन्ज वडा नं. १८ का वडाध्यक्ष दीपक कुमार बर्मा, वडा नं. १ का वडाध्यक्ष प्रमोद रिजाल, कृषि सामग्री कम्पनी लि. नेपालगन्जका प्रमुख पुष्पराज श्रेष्ठ र साल्ट ट्रेडिङ लिमिटेडका प्रमुख मनोज चौधरीज्यूलाई सम्मान गरिनेछ।

## ४. असल बचतकर्ता सम्मान

संस्थाले स्थापना कालदेखि नै वर्षभरी संस्थामा बचतकर्ताको रुपमा नियमित र संस्थालाई विशिष्ट योगदान पुग्ने गरी बचत गर्ने बचतकर्ताहरूमध्येबाट असल बचतकर्ता छनौट गरी साधारणसभामा कदरपत्रद्वारा सम्मान गर्ने गरेको छ। हालसम्म यसरी सम्मानित हुने बचतकर्ताहरू यस प्रकार हुनुहुन्छ :

श्री रेखा थारु, श्रीमती चन्दा सिग्देल, श्री रवि खत्री, श्री लक्ष्मी वली, श्री हरिप्रसाद तिमिल्सिना, श्री सिर्जना रावत, श्री पूर्णदेव गिरी, श्री अन्जु चौलागाईं, श्री मीना खड्का, श्री यज्ञेश्वरी शाह, श्री नर्वदा शर्मा, श्री कल्पना शाह, श्री अन्जु गुरुङ, श्री भावना पौडेल गौतम र श्री दिलबहादुर खड्का रहनु भएको छ। यस वर्ष असल बचतकर्ता श्री बसु गुरुङ्नी (से.स.नं. १२७३) लाई सम्मान गरिनेछ।

## ५. असल उद्यमी सम्मान

संस्थाले स्थापना कालदेखि नै वर्षभरी संस्थाबाट कर्जा लिई नियमित साँवा, ब्याज बुझाउने र कर्जाको उद्देश्य बमोजिम सदुपयोग गर्ने सदस्यहरूमध्येबाट छनौट गरी साधारणसभामा कदरपत्रद्वारा सम्मान गर्ने गरेको छ। हालसम्म यसरी सम्मानित हुने असल उद्यमीहरू यस प्रकार हुनुहुन्छ :

श्री शेषमणि सुवेदी, श्री नारायण प्रसाद शर्मा, श्री नोख बहादुर भण्डारी, श्री रामावती चमारिन, श्री राजनप्रसाद ढुङ्गाना, श्री भीमबहादुर चौधरी, श्री कृष्णा शाही, श्री विदेशी खटिक, श्री शिवशङ्कर उपाध्याय, श्री मीना बस्नेत, श्री भावना खत्री, श्री सीता शाह,

श्री रत्ना कुमारी शाही, श्री अमरबहादुर बस्नेत, श्री भीमकुमारी गुरुङ, श्री जिवकला पाण्डे रहनु भएको छ । यस वर्ष असल उद्यमी श्री पुरिचन्द्र उपाध्याय (से.स.नं. २१५) लाई सम्मान गरिनेछ ।

### ६. उत्कृष्ट छात्रछात्रा सम्मान

२०६५ सालदेखि SEE उत्कृष्ट अङ्क ल्याउने छात्रछात्रालाई उत्प्रेरित गर्न प्रारम्भ गरिएको हो । प्रथम पटक छात्रातर्फ बबिता शर्मा र छात्रतर्फ अमित तिमिल्सिनाबाट पुरस्कृत गर्न थालिएकोमा हालसम्म निम्न बालबालिकाहरूले उत्कृष्ट छात्रछात्रा सम्मान प्राप्त गर्नु भएको छ :

***उत्कृष्ट छात्रातर्फ :*** श्री बविता शर्मा, श्री रोशनी थापा, श्री सिर्जना सुवेदी, श्री रचना थापा, श्री प्राप्ती चन्द, श्री गरिमा रिजाल, श्री अनुशा रोका, श्री एलिना दहाल, श्री सजल गैरे र श्री कृतिका आचार्य, श्री सन्ध्या गैरे, श्री रोशनी बुढाथोकी, श्री ओजस्वी पोखेल रहनु भएको छ । यस वर्ष संस्थामा प्राप्त लब्धाङ्कपत्रअनुसार SEE मा GPA ३.९१ सहित सर्वोत्कृष्ट नजिता ल्याउने सदस्य श्री राकेश चन्द्र कुमाल (से.स.नं. १३०६) की सुपुत्री श्री वैष्णवी कुमाललाई नगद पुरस्कारसहित सम्मान गरिनेछ ।

***उत्कृष्ट छात्रतर्फ :*** श्री अमित तिमिल्सिना, श्री आशुतोष तिमिल्सिना, श्री सम्राट पराजुली, श्री विपिन सुवेदी, श्री योञ्जन दाहाल, श्री अनुपम उपाध्याय, श्री दीपेन्द्रराज गिरी, श्री विशाल भण्डारी, श्री कौस्तुभ रेग्मी, श्री विनम सुवेदी, श्री सिर्जन सुवेदी, श्री कस्मिक रेग्मी, श्री सन्देश थापा, श्री अन्स मिश्र, श्री काव्य रेग्मी रहनु भएको छ । यस वर्ष संस्थामा प्राप्त लब्धाङ्कत्र अनुसार SEE मा GPA ३.४४ सहित सर्वोत्कृष्ट नजिता ल्याउने सदस्य श्री यमनारायण पौडेल (से.स.नं. १२४३) का सुपुत्र श्री प्रवेश पौडेललाई नगद पुरस्कारसहित सम्मान गरिनेछ ।

### ७. ज्येष्ठ नागरिक

संस्थाको १२औं साधारणसभादेखि संस्थामा सबैभन्दा बढी उमेर भएका ज्येष्ठ सदस्यलाई सम्मान गर्ने परम्पराको थालनी गरिएको छ । यसरी सम्मानित हुने ज्येष्ठ सदस्यज्यूहरू श्री नारायणप्रसाद शर्मा (शास्त्री), श्री जनकराज शर्मा, श्री अलाउद्दिन बागवान, श्री नारायणप्रसाद शर्मा, श्री गुरुप्रसाद काफ्ले, श्री रामचन्द्र दीक्षित रहनुभएको छ भने यस वर्ष श्री राम किशोर कुर्मी (से.स.नं ६८०) लाई ज्येष्ठ नागरिक सम्मान अर्पण गरिने छ ।

### ८. पहिलो सेवाग्राही सदस्य सम्मान

१४औँ साधारणसभादेखि पहिलो सेवाग्राही सदस्यबाट दीप प्रज्ज्वलन गरी दैनिक कारोबार प्रारम्भ गर्ने गरिएको र मासिक रुपमा प्रथम कारोबार गर्ने सदस्यहरूबिच गोलाप्रथाद्वारा १२ जना र १२ जनाबाट एक जनालाई वर्षको उत्कृष्ट सदस्यका रुपमा सम्मान गर्ने परम्परा थालिएको छ । यस अघि श्री गङ्गा थापा मगर, श्री मोहनलक्ष्मी शाह, श्री विष्णुप्रसाद उपाध्यायलाई पहिलो सेवाग्राहीको रुपमा सम्मान गरिएको छ भने यस वर्ष श्री अमरबहादुर बस्नेतज्यूलाई सम्मान गरिनेछ ।

### ९. पाहुनाहरूको भ्रमण

संस्थाको स्थापनाकालदेखि नै सहकारी, वित्तीय संस्था, देशका सामाजिक, आर्थिक क्षेत्रका विशिष्ट व्यक्तित्वहरूलाई निमन्त्रणा गरी उहाँहरूका सुझाव सल्लाह, प्रशिक्षणमूलक मन्तव्य आदिबाट सिकाइ गर्ने र संस्थालाई सबल र सुदृढ बनाउने कार्य निरन्तर हुँदै आएको छ । यसक्रममा सहकारीका अग्रणी व्यक्तित्व पूर्व मन्त्री माननीय केशव बडालज्यू, राष्ट्रिय सहकारी बैङ्कका पूर्व अध्यक्ष श्री रमेश पोखरेलज्यू, पूर्वमन्त्री श्री पूर्ण कुमार शेर्मा जस्ता विशिष्ट व्यक्तित्वहरूको भ्रमण र प्रमुख आतिथ्यमा साधारणसभाहरू गरिएको छ । अन्य सहकारी संस्थाबाट यस संस्थाको भ्रमणमा आउनुहुने व्यक्तित्वहरू, विदेशी सङ्घसंस्था र व्यक्तित्वहरू, नेपाल सरकारका नियामक निकाय, जिल्ला सहकारी सङ्घ, सहकारी प्रशिक्षालय, कृषि कार्यालय लगायतबाट हुने नियमित भ्रमण, संस्थाको बृहत्तर हितका लागि राष्ट्रिय व्यक्तित्वहरूको संस्थामा हुने भ्रमणसँगै दातृ निकाय वा साझेदार संस्थाहरूबाट समेत नियमित आगमन भई संस्थाको हितमा छलफल, अन्तरक्रिया र गुणस्तर निर्माणमा सघाउ पुगेको छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय लुम्बिनी प्रदेशका सहकारी रजिस्ट्रार श्री श्रीधर ज्ञवाली, सेभ द चिल्ड्रेनका कन्ट्री डाइरेक्टर श्री जेनिफर सायद, वीरेन्द्र ठगुन्ना, घना भुषाल, रत्नराज ओझा र एस. डी. एफ. बाँकेका घनश्याम उपाध्याय तथा अध्यक्ष

चम्पसिंह थापा, सहकारी दर्ता अधिकारी श्री भीमप्रसाद तिवारी, केशव घिमिरे, नेपालगन्ज उमनपा सहकारी शाखा प्रमुख प्रविणकुमार राना र नवीन गिरी, सुर्खेतको लेकबैंसी बहुउद्देश्यीय सहकारी संस्थाबाट आएको अध्यक्ष प्रेमबहादुर खड्काको अध्यक्षतामा दुर्गाप्रसाद सापकोटासमेतको प्रतिनिधि मण्डल, र बर्दघाट नवलपरासीबाट हिमलाल ज्ञवालीज्यूको नेतृत्वमा आएको सहकारीको प्रतिनिधि मण्डललगायतको भ्रमण भएको जानकारी गराउँदछु । त्यसैगरी युवा स्वरोजगार कोषका कस्मिक बुढा र राजेश के.सी.को अनुगमन भ्रमण भएको छ ।

## १०. रणनीतिक योजना

विगत दुई वर्ष अगाडि नै पाँच बर्से रणनीतिक योजना निर्माण गरिएको र सोअनुसार कार्य अगाडि बढाई परियोजना सञ्चालन गर्ने कार्य हालको आर्थिक मन्दीका कारण गर्न नसकिएको बेहोरा जानकारी गराउँदै आर्थिक मन्दीको सुधारसँगै निर्दिष्ट कार्यहरू अगाडि बढाइने कुरा यस सम्मानित सभालाई अनुरोध गर्दछु । संस्थाको ऋण असुली, अनुगमन तथा अन्य संस्थागत कार्य हालसम्म सामान्य पेट्रोल खर्चबाट सम्पादन गर्दै आएका छौँ ।

## ११. संस्थाको कार्यालय र परियोजना घर निर्माण

नेपालगन्ज उपमहानगरपालिका वडा नं. १८ स्थित वाटरपार्क जग्गा एकीकरण आयोजनाभित्र रहेको १ कट्ठा जग्गामा बहुउद्देश्यीय कार्य अन्तर्गत पहिलो तलामा कुनै एउटा परियोजना र गोदाम, दोस्रो तला कार्यालय र सभा हल समेत हुने गरी संस्थाको भवन निर्माण गर्ने योजना रहेको छ । उक्त कार्यको लागि भवन निर्माण कोष खडा गरी विभिन्न स्रोत खोजी गर्ने काम, सरकारी तथा गैर सरकारी क्षेत्र तथा अन्य उपाय खोजी भइरहेको छ । हाल सो कोषमा रु १६ लाख ५९ हजार ४३ पैसा जम्मा भइसकेको छ । उक्त कार्यको लागि इच्छुक सदस्यहरूले स्वस्फूर्त रुपमा सहयोग गर्न म आह्वान गर्दछु । भवन निर्माणपश्चात् सहयोगको आधारमा शिलालेखमा नाम लेखी भवनको अग्रभागमा राखिने छ ।

## १२. लेखा व्यवस्थापन

संस्थाको आर्थिक गतिविधिहरू चुस्तदुरुस्त राख्न आधुनिक सफ्टवेयर (गुरु) व्यवस्थित गर्नुको साथै मेनुअल प्रणालीसमेत अध्यावधिक गरिएको छ । संस्थाका गतिविधिहरू मासिक रुपमा भएको प्रगति तालिका बनाई मासिक रुपले उल्लेख गर्ने गरिएको छ, संस्थाका प्रमुख नीतिहरू (ऋण, बचत, खर्च) तयार गरी सो अनुसार कार्य अगाडि बढाइनुका साथै संस्थामा नागरिक बडापत्र र अन्य प्रगति विवरणहरू तयार गरी पारदर्शी रुपले राखिएको छ ।

## १३. सुरक्षा व्यवस्था

संस्थाका महत्त्वपूर्ण कागजातहरू सुरक्षित राख्न फायर प्रुफ फाइल क्याविनेट १ थान, कार्यालयको सुरक्षाका लागि CCTV, नियमित विद्युत आपूर्तिको लागि इन्भर्टर ४ ब्याट्रीसहित रातिको सुरक्षाको लागि समेत १ जना कर्मचारीलाई वेतन सहित व्यवस्था गरेका छौँ ।

## १४. संस्थाबाट उपलब्ध सेवाहरू

आर्थिक कारोबारको अलवा संस्थाले आफ्ना सदस्यहरूलाई निम्नानुसारका सेवाहरू उपलब्ध गराउँदै आइरहको छ । संस्थाको सम्पूर्ण कारोबार अनलाइन माध्यमबाट सञ्चालन गरिएको ।

- SMS बैङ्किङ सेवा उपलब्ध गराएको ।
- विद्युत, खानेपानी र टेलिफोन बिल बुझाउने ।
- ADSL, Worldlink, Vianet र Subisu को इन्टरनेट बिल बुझाउने ।
- Dishome, Sim TV, Mero TV र Prabhu TV को बिल बुझाउने ।
- आन्तरिक हवाई टिकट तथा बस टिकट बिक्री गर्ने ।

- मोबाइल रिचार्ज तथा केवलकारको टिकट बिक्री गर्ने ।
- आई.एम.ई. रेमिट, प्रभु रेमिट तथा वेस्टर्न युनियम रेमिटसम्बन्धी सम्पूर्ण कारोबार गर्ने ।
- School/College Fee बुझाउने ।
- उपयुक्त स्थानमा कार्यालय स्थानान्तर गरी सुव्यवस्थित रुपमा कार्य सञ्चालन गरिरहेको ।
- रासायनिक मल, किटनासक औषधि, बिउबिजनको कारोबार गरिएको छ ।
- खाना पकाउने ग्याँसको खरिदबिक्री गरिएको ।

उल्लिखित सुविधाहरूको अधिकतम उपयोग गर्न सम्पूर्ण सदस्य महानुभावहरूमा अनुरोध गर्दछु । किनभने यसबाट हुने केही आम्दानी सम्पूर्ण सदस्यको सम्पत्ति हो । हाल आएर रेमिट सेवामा उल्लेख्य वृद्धि भएको बेहोरा यस सम्मानित सभामा राख्न चाहन्छु ।

### १५. सक्रिय सहभागिता

बाँके जिल्ला स्थित जिल्ला सहकारी सङ्घ, बहुउद्देश्यीय जिल्ला सहकारी सङ्घ, राष्ट्रिय सहकारी बैङ्कहरूले आयोजना गरेका वैठक, साधारण सभा, तालिम, सेमिनार, गोष्ठीजस्ता कार्यक्रमहरूमा यस संस्थाबाट सक्रिय सहभागिता गरेका छौँ ।

### १६. कर्मचारी व्यवस्थापन

संस्थाको सम्पूर्ण कार्य व्यवस्थित रुपले सञ्चालन गर्न ४ जना दक्ष जनशक्ति १ जना बजार प्रतिनिधि र १ जना कार्यालय सहयोगीको व्यवस्थापन गरी सबैको कामको बाँडफाँडसहित जिम्मेवारी दिइएको छ । आउँदा दिनहरूमा आवश्यकता र कारोबारको आधारमा कर्मचारी थपघट गरिने छ ।

### १७. हार्दिक समवेदना तथा सहयोग

संस्थाको सदस्यप्रतिको सद्भावलाई ध्यानमा राखेर संस्थाले पौरखी आकस्मिक कोष खडा गरेको छ । यसअन्तर्गत कुनै पनि सदस्यको निधन भएमा जानकारी पाएको १३ दिनभित्र घरमै पुगी मृत्युसंस्कार खर्च रु ५,००५।- आर्थिक सहयोग गर्ने व्यवस्था गरेका छौँ । थोरै भए पनि यसले अपनत्वको विकास हुने हाम्रो ठम्याइ छ ।

यस वर्ष पौरखी बहुउद्देश्यीय सहकारी संस्थाका सेयर सदस्यहरू खिमबहादुर शाही, आइभान बस्नेत क्षेत्री, यस संस्थाका पूर्व घरधनी तथा सेयर सदस्य अमृतबहादुर मिश्र एवं यस संस्थाका व्यवस्थापकज्यूकी धर्मपत्नी तथा सेयर सदस्य सुनिता वर्माको दुखद निधनले संस्थालाई अपुरणीय क्षति भएको छ । दुखको यो घडीमा मृतात्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति संस्था हार्दिक समवेदना प्रकट गर्दछ ।

### १८. संस्थाका सम्पन्न वैठकहरू

आ.व. ०८०/०८१ मा सम्पन्न सञ्चालक समितिका १५ वटा, आकस्मिक कार्य सञ्चालन समितिका ५ वटा, लेखा सुपरीवेक्षण समितिका ५ वटा र कर्मचारी व्यवस्थापनका ४ वैठक सम्पन्न भएका छन् । यी वैठकहरूबाट विभिन्न निर्णय गरी संस्थाका काम कारवाहीहरू पूरा गरेका छौँ । उपर्युक्त वैठकहरूले गरेका निर्णयहरू अनुमोदनका लागि अनुरोध गर्दछु ।

### १९. संस्थाको सेयर नीति

संस्थाको अधिकृत सेयर पुँजी रु. ५ करोड पुऱ्याउने व्यवस्था गरिएकोमा संस्थाले सेयर प्रदान गर्दा सहकारी ऐन र विधानमा उल्लिखित मापदण्ड पुऱ्याई सदस्यता दिने नीति अवलम्बन गरिएको छ ।

## २०. वचत नीति

यस नीतिमा सेयर सदस्यहरुको निक्षेप विभिन्न शीर्षकमा स्वीकार गरी सम्झौता र आवश्यकता अनुसार फिर्ता गर्ने गरी व्यवस्था गरिएको छ ।

**निक्षेपका प्रकार**

| क्र.सं. | बचतको प्रकार | बचतको अवधि | ब्याजदर |
|---|---|---|---|
| १. | पौरखी अनिवार्य बचत | हरेक महिना | ८% |
| २. | पौरखी ऐच्छिक बचत | इच्छा अनुसार | ७% |
| ३. | पौरखी बाल बचत | - | ९% |
| ४. | पौरखी दैनिक बचत | १ वर्ष | ९% |
| ५. | पौरखी दैनिक बचत | ६ महिना | ७% |
| ६. | पौरखी दैनिक बचत | ३ महिना | ५% |
| ७. | पौरखी आवधिक बचत | ९ महिना | ९% |
| ८. | पौरखी आवधिक बचत | १ वर्ष | १०% |
| ९. | पौरखी आवधिक बचत | २ वर्ष | ११% |
| १० | पौरखी आवधिक बचत | २ वर्ष भन्दा माथि | १२% |
| ११ | ज्येष्ठ नागरिक बचत | ऐच्छिक | ९% |
| १२ | एकल महिला बचत | ऐच्छिक | ९% |
| १३ | अपाङ्ग बचत | ऐच्छिक | ९% |
| १४ | अक्षय कोष बचत | - | १२% |

## २१. ऋण नीति

छरिएर रहेको बचतलाई विभिन्न माध्यमबाट सङ्कलन गरी उक्त निक्षेपलाई सुरक्षा, मुनाफा, विविधीकरणजस्ता सिद्धान्तलाई आत्मसात् गर्दै वचत परिचालन गरिएको छ । संस्थाको वचत परिचालन मूलतः कर्जा लगानीमा छ । वचत परिचालन गर्दा मूलतः धनजमानीलाई निरुत्साहित गर्दै धितो कर्जामा जोड दिइएको छ ।

घुम्तीकोष कर्जाको ब्याजबाट आएको ५०% रकम बालअनुदान कोषमा जम्मा गर्ने र सो रकम बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणमा प्रयोग गरिने छ । घुम्तीकोष कर्जालाई सामूहिक जमानीको अवधारणा अँगाली लगानी गर्नुपर्ने प्रस्ताव पेस गर्दछु ।

**कर्जाका प्रकार**

| क्र.सं. | कर्जा/ऋणको प्रकार | भुक्तानी अवधि | प्रक्रिया | ब्याजदर |
|---|---|---|---|---|
| १. | कृषि तथा पशुपालन | अधिकतम् ३ वर्ष | मासिक किस्ता | १४.०० % |
| २. | व्यापार व्यवसाय | अधिकतम् ३ वर्ष | मासिक किस्ता | १४.७५ % |
| ३. | उद्योग सञ्चालन | अधिकतम् ३ वर्ष | मासिक किस्ता | १४.७५ % |
| ४. | हायर पर्चेज कर्जा | १८ महिना | मासिक किस्ता | १४.७५ % |
| ५. | सामाजिक कर्जा | अधिकतम् ३ वर्ष | मासिक किस्ता | १४.७५ % |
| ६. | रोजगार कर्जा | अधिकतम् ३ वर्ष | मासिक किस्ता | १४.७५ % |
| ७. | घर कर्जा | अधिकतम् ३ वर्ष | मासिक किस्ता | १४.७५ % |
| ८. | शैक्षिक कर्जा | अधिकतम् ३ वर्ष | मासिक किस्ता | १४.७५ % |
| ९. | घुम्तीकोष कर्जा | अधिकतम् १ वर्ष | मासिक किस्ता | १०.०० % |
| १०. | युवा स्वरोजगार कर्जा | अधिकतम् ३ वर्ष | मासिक किस्ता | ८.०० % |

## २२. संस्थाको विनियम संशोधन

संस्थाको विनियम सहकारी ऐन २०४८ अनुसार रहेको र हाल नेपालमा सहकारी ऐन २०७४ जारी भइसकेकोले सहकारी ऐन २०७४ तथा प्रदेश सहकारी ऐन २०७६ अनुसार यस पौरखी बहुउद्देश्यीय सहकारी संस्थाको विनियम यस सम्मानित सभामा अनुमोदनका लागि अनुरोध गर्दछु। अनुमोदनपश्चात् प्रदेश सरकारसमक्ष पेस गरी स्वीकृत भएपश्चात् हाल कायम विनियम प्रतिस्थापन भई नयाँ विनियम लागु गरिने छ।

## २३. संस्थाले आ.व. २०८०/०८१ मा सम्पन्न गरेका कार्यहरू

१) आ.व. २०८०/८१ मा सेयर सदस्य १४०० र सेयर पुँजी २ करोड पुऱ्याउने लक्ष्य राखिएकोमा सेयरसदस्य १३५५ र सेयर पुँजी रु. १,६७,६६,०००।- पुऱ्याई प्रस्तावित लक्ष्यको नजिकनजिक पुगेका छौँ।

२) अधिकांश आर्थिक कारोबार राष्ट्रिय सहकारी बैङ्क नेपालगन्ज शाखाबाट सम्पन्न गरिएको छ भने घुम्तीकोषको लागि साङ्ग्रिला विकास बैङ्क र युवा स्वरोजगार कर्जा नेपाल बैङ्क लिमिटेड सिटी अफिसबाट गरिएको छ। सबै शाखासँग सुमधुर सम्बन्ध स्थापित गरिएको छ।

३) संस्थाले गर्दै आएको वनभोज कार्यक्रम हाल सहकारी क्षेत्रमा देखिएको उतारचडावले गर्दा समाजमा पर्न जाने नकारात्मक असरले गर्दा सदस्यहरूको आफ्नै खर्चमा मनाउँदै आएको वनभोज कार्यक्रम भए पनि स्थगित गरिएको छ।

४) नयाँ सेयर सदस्यहरूलाई दिँइदै आएको अभिमुखीकरण तालिम, क्यालेन्डरअनुसार सम्पन्न गरिएको छ।

५) संस्थाको श्रीवृद्धि गर्ने उद्देश्यले यस वर्ष पनि मनाउँदै आएको १८ औँ वार्षिकोत्सव सदस्यहरू तथा शुभचिन्तकहरू बिच छलफल गर्दै भव्यताका साथ मनाइएको छ।

६) वृक्षरोपण संस्थाले विगतमा गरेको वृक्षरोपणका बिरुवा केही भएको र केही जनावरले खाइदिएकोले पुनः जनावरले नखाने जातको बिरुवा हालै रोपिएको छ।

७) युवा स्वरोजगार कर्जा रु. ३४ लाख स्वीकृत भई प्रथम किस्ता किस्ता वापत रु. १७ लाख प्राप्त गरी युवा स्वरोजगार कोषको निर्देशिका बमोजिम लगानी गरिएको छ।

८) संस्थाले आर्थिक वर्ष ०८०/०८१ मा साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड क्षेत्रीय कार्यालय नेपालगन्जबाट डिलरसिप प्राप्त गरी रासायनिक मलको आपूर्ति गरिएको छ।

९) कृषि उपजका बिउबिजनहरू सुरक्षित राख्नुपर्ने आवश्यकता महसुस भई यस संस्थासँग विगतदेखि सहकार्य गर्दै आएको सामाजिक विकास मञ्चको ६५ प्रतिशत सहयोगमा कोकुन ब्याग १ थान खरिद गरिएको छ। निकट समयदेखि यसलाई सञ्चालनमा ल्याइनेछ।

१०) संस्थाले गर्दै आएको वनभोज तथा यस्तै प्रकारका क्रियाकलापहरूमा विभिन्न किसिमका खेलकुद लगायत मनोरन्जनका क्रियाकलापहरू गर्दै आएको र उक्त क्रियाकलापमा उत्कृष्ट भएका सेयर सदस्यज्यूहरूलाई सम्मान तथा पुरस्कार वितरण गर्ने उद्देश्यले सेयर सदस्यज्यूहरूकै स्वेच्छाले पाएको सहयोग रकमबाट खेलकुद कोष स्थापना गरिएको छ।

## आ.व. २०८१/०८२ का लागि तर्जुमा गरिएका कार्यक्रमहरू :

संस्थाका सेयर सदस्यहरूको आर्थिक तथा सामाजिक समृद्धि हुनेगरी संस्थले विभिन्न कार्यक्रमहरू गर्दै आएको छ। उद्योग सञ्चालन, बचत परिचालन तथा सामाजिक उत्तरदायित्वसमेत वहन गर्न सक्ने सक्षम संस्था निर्माण गर्नको लागि चालु आ.व. ०८१/८२ का लागि निम्न बमोजिम कार्यक्रम तथा योजना स्वीकृतिका लागि प्रस्ताव गर्दछु।

१) हाल संस्थाको विनियम सहकारी ऐन २०४८ अनुसार रहेको र हाल नेपालमा सहकारी ऐन २०७४ जारी भइसकेकोले सहकारी ऐन २०७४ अनुसार यस पौरखी बहुउद्देश्यीय सहकारी संस्थाको विनियम स्वीकृत गराई लागु गर्ने,

२) सेयर सदस्य सङ्ख्या १५०० र पुँजी रु. २,२५,००,०००।- पुऱ्याउने,

३) कृषि ज्ञान केन्द्र बाँके, जानकी गाउँपालिका, नेपालगन्ज वडा नं. १ र १८ को कार्यालयसँग सहकार्य गरी कौषी खेती तथा किसान केन्द्रि अन्य कार्यक्रम अगाडि बढाइने छ,

४) यस आर्थिक वर्षमा सेयर सदस्यहरूलाई शुद्ध तोरीको तेल उपलब्ध गराउने उद्देश्यका साथ तेल मिल सञ्चालनमा ल्याइने छ,

५) संस्थाले गर्दै आएको वनभोज कार्यक्रमलाई व्यवस्थित रुपमा यस आ.व. ०८१/०८२ मा पनि निरन्तरता दिइने छ । उक्त खर्च संस्थाबाट नभई इच्छुक सेयर सदस्यको खर्चमा गरिने छ,

६) संस्थाको तरलतामा रहेको रकममध्ये ५०% रकम मुद्दती ३ महिने खाता खोली राखिने छ,

७) संस्थाका सेयर सदस्यहरूलाई सिप विकास तालिम केन्द्र, घरेलु तथा साना उद्योग कार्यालय, वडा कार्यालयहरू लगायत अन्य संस्था तथा कार्यालयसँग सहकार्य गरेर रोजगारीमूलक र सिपमूलक तालिम आयोजना गरिने छ,

७) संस्थाले दिँदै आएको नयाँ सेयर सदस्यहरूलाई अभिमुखीकरण तालिम यस वर्ष पनि निरन्तरता दिइने छ,

८) संस्थाद्वारा सञ्चालित बालअनुदान तथा घुम्तीकोष कार्यक्रम प्रभावकारी रुपले सञ्चालन गरिने छ,

९) संस्थाको भिजन (vision) मौजुदा सदस्यहरूलाई स्तरिय सेवा दिँदै आर्थिक, सामाजिक सांस्कृतिक उन्नतिको साथै संस्थालाई दिगो र दरिलो बाटोमा अग्रसर बनाउने, संस्थाको मिसन (Mission), नयाँ नयाँ प्रविधिको प्रयोग गरी गुणस्तरीय सेवा प्रदान गर्दै सदस्यहरूको जीवनस्तर माथि उठाउने, संस्थाको उद्देश्य (Objective) अनुसार सङ्कलन गरिएको रकम अधिकतम परिचालन गरी सम्पूर्ण सदस्यहरूको आर्थिक विकासमा सहयोग गरी देश विकासमा समेत टेवा पुऱ्याउने,

१०) सामाजिक उत्तरदायित्वभित्र गरिने कार्यहरूमध्ये आवश्यकता हेरी निशुल्क स्वास्थ्य शिविर तथा सेवामूलक जनकल्याणकारी र अन्य जनचेतनामूलक कार्यक्रम गरिने छ,

११) आगामी आ.व ०८१/०८२ मा सञ्चान गरिने व्यावसायिक योजनाको लागि भाडामा वा जग्गा खरिद गरी कार्य अगाडि बढाइने छ,

१२) बचत परिचालन उद्देश्यमूलक र उत्पादनमूलक बनाई असुलीलाई सुदृढ बनाइने छ,

१३) संस्थाले गर्दै आएको अवलोकन भ्रमण थप उत्साहका साथ गरिने छ ,

१४) सञ्चालक समिति, लेखासुपरीवेक्षण समिति र कर्मचारीलाई क्षमता विकास तालिम सञ्चालन गरिने छ,

१५) कर्मचारीहरूका लागि दुर्घटना बिमाको व्यवस्था गरिने छ,

१६) कर्मचारीहरूका लागि सवारी साधन (मोटर साइकिल) कर्जा उपलब्ध गराइने छ । सो कर्जामा २०% कर्मचारीले बेहोर्नु पर्नेछ,

१७) यो वर्षदेखि सञ्चालकहरूमा कामको बाँडफाँड गरी सम्पादित कामको मूल्याङ्कनको आधारमा परिवहन तथा इन्धन खर्च प्रदान गरिने छ,

१८) कर्मचारीहरूको कामको बाँडफाँड गरिनेछ । सो अनुसार जिम्मेवारी वहन गरेनगरेको सञ्चालक समितिबाट अनुगमन गरिने छ । copomis तथा सम्पत्तिशुद्धीकरण जस्ता कार्यहरूलाई अपडेट गरिने छ,

१९) सेयर सदस्यहरूले गर्दै आएको मासिक बचत प्रभावकारी हुन नसकेकोले सबै सेयर सदस्यज्यूहरूले नियमित बचत गर्नुहुन अनुरोध गरिने छ,

२०) संस्थाले गर्दै आएको ग्याँस, पानी, बिउबिजन, औषधि र रासायनिक मलको विक्रीवितरण प्रभावकारी रुपमा गरिने छ,

२१) बचत परिचालन गर्दा कडाइका साथ गरिने छ र बचत फिर्ता छिटो छरितो हिसाबले गरिने छ,

२२) मौजुदा बजार प्रतिनिधिको साथै कर्मचारीहरूलाई समेत दैनिकी सङ्कलनको कार्यमा लगाइने छ,

२३) संस्थाको भवन निर्माणको लागि यस वर्ष आर्थिक स्रोत जुटाउन हर सम्भव प्रयास गरिने छ । स्वस्फूर्त भवन निर्माण कोषमा सहयोग गर्न उपस्थित महानुभावमा आह्वान गर्दछु,

२४) सम्भाव्यता अध्ययन गरी अन्य पालिकामा सेवाकेन्द्र स्थापना कार्य अगाडि बढाइने,

२५) सदस्यहरूको चाहना र आवश्यक परिवर्तित परिवेशअनुसार कारोबार गर्न चेक प्रणाली आवश्यकता भएकोले निकट भविष्यमा सो कार्य अगाडि बढाइनेछ,

**सेयरधनी महानुभावहरू,**

यस संस्थाका पूर्व पदाधिकारीहरू तथा सञ्चालकज्यूहरू, सल्लाहकारज्यूहरू तथा यस संस्थाको श्रीवृद्धिमा लाग्नु भएका सबै सदस्यहरू यस संस्थाका सम्पत्ति हुन । उहाँहरूलाई यस संस्थाको विकास र विस्तारमा लागि रहन म हार्दिक आह्वान गर्दछु । संस्थाका विज्ञ सल्लाहकार श्री हरिप्रसाद तिमिल्सिनाज्यू संस्थाको काममा खटिई रहेको हुँदा धन्यवाद दिँदै सो सहयोगको निरन्तरताको लागि अनुरोध गर्दछु ।

**अन्त्यमा,**

देशको अर्थतन्त्र र राष्ट्रमा देखिएको सहकारी क्षेत्रको असहज परस्थितिले भने जस्तो प्रगति गर्न नसके पनि हाम्रो संस्थाले आफ्नो शाख उचो राख्दै आर्थिक वर्ष ०८०/०८१ को शुद्ध बचतबाट सेयरधनी महानुभावहरूलाई उपयुक्त लाभांश दिन सफल भएको बेहोरा म यस सम्मानित सभामा गर्वका साथ जानकारी गराउँदै यो शुभ कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरीवेक्षण समितिका सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू, ऋण उपसमिति तथा सेयर सदस्यज्यूहरू सहित कर्मचारीहरू तथा यस संस्थाका शुभचिन्तकहरूलाई अन्तरआत्मादेखि हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**आदरणीय सभासदज्यूहरू,**

सञ्चालक समितिले तयार गरी अनुमोदन गरेको यो नीति तथा कार्यक्रम सम्मानित सभामा प्रस्तुत गर्दछु । प्रतिवेदनमा छुटेका संस्थाको बृहत्तर विकासको लागि कोसे ढुङ्गा सावित हुने सुझावहरूको अपेक्षा गर्दै आउँदै गरेको बडा दसैं, तिहार, नेपाल संवत्, छठ तथा अन्य पर्वहरूको अवसरमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दै यी सबै चाडहरूले नेपाल र नेपालीहरूको उन्नति प्रगति आपसी भाइचारा, एक अर्काको धर्मको सम्बन्ध र मेलमिलापको दिशामा अग्रणी भूमिका खेलोस् भन्दै प्रस्तुत प्रतिवेदनमा स्वस्थ छलफल गरी अनुमोदनको लागि हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद, जय सहकारी ।

दुर्गा प्रसाद अधिकारी
अध्यक्ष
पौरखी बहुउद्देश्यीय सहकारी संस्था लि.

# पौरखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

**ने.ग.उ.म.न.पा-१८ कारकाँदो, बाँके**

## कोषाध्यक्षद्वारा १८औं साधारणसभामा प्रस्तुत
### आर्थिक प्रतिवेदन-२०८१

**यस १८औं साधारणसभाका सभापति महोदय,**

प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरू, सल्लाहकारज्यूहरू, लेखा सुपरीवेक्षण समिति संयोजक तथा सदस्यज्यूहरू, संस्थाका उपाध्यक्ष लगायत पदाधिकारीज्यूहरू र सदस्यज्यूहरू, उपस्थित सेयर सदस्य महानुभावहरूमा संस्था तथा मेरो तर्फबाट सहकारी अभिवादन व्यक्त गर्दछु ।

आज हामी १८औं साधारणसभामा आफ्नो अमूल्य समय र जरुरी कामलाई थाँती राखेर हाम्रो निम्तो स्वीकार गरी उपस्थित हुनु भएका सम्पूर्णलाई हार्दिक स्वागत तथा न्यानो अभिवादन गर्दछु ।

देश र जनताको लागि आफ्नो बलिदानी दिने सहिदप्रति हार्दिक श्रद्धाञ्जलीसहित उच्च सम्मान प्रकट गर्दै स्थापना कालदेखि हालसम्म यस संस्थाको विकास र विस्तारमा अतुलनीय योगदान गर्नुहुने सबै अग्रज तथा सम्पूर्ण सदस्यहरूको उच्च मूल्याङ्कन गर्दै आउँदा दिनहरूमा पनि यस्तै योगदानको हार्दिकताका साथ अपेक्षा गर्दछु ।

देशको आर्थिक, सामाजिक र संस्कृतिक विकासको लागि सहकारीले खेलेको भूमिका अद्वितीय छ । समाजको विभिन्न क्षेत्रमा रहेको अनुत्पादक बचतलाई विभिन्न माध्यमबाट सहकारीमा प्राप्त गरी सो बचतलाई लगानीको सिद्धान्तहरूको अक्षरशः पालना गर्दै उत्पादनशील क्षेत्रमा परिचालन गरी सहकारीका सदस्यहरूको आर्थिक जीवनस्तर माथि उठाउन विभिन्न खाले काम जस्तो रोजगारी सिर्जना, समुदायको सशक्तीकरण, सामूहिक भावना जगाएको, आर्थिक असक्षमता हटाउन अग्रणी भूमिका निर्वाह गरेको स्वरोजगारको सिर्जना, कृषि र सेवा क्षेत्रमा विभिन्न किसिमका तालिम तथा शिक्षा, नेतृत्व तथा सिप विकास, दिनहुँ पलायन हुने प्रतिभालाई रोक्ने, आयातनिर्यातमा सन्तुलन कायम गर्नेजस्ता महत्त्वपूर्ण भूमिका निर्वाह गरी देशको विकासमा ठुलो मद्दत गरेको छ ।

सहकारीलाई देशको अर्थतन्त्रको ३ खम्बे अर्थनीतिमध्ये एक खम्बाको रुपमा अगाडि बढाई देशको आर्थिक क्षेत्रको भरोसाको केन्द्र मानी नेपाल सरकारले योजना र नीतिहरूमा प्रमुखता दिई हरेक क्षेत्रमा समावेश गरेको पाइन्छ ।

बिना जोखिमको जीवन नै हुँदैन भनेझैं सहकारी क्षेत्रमा पनि जोखिम नहुने कुरै भएन । पहिलो कुरा जोखिमबाट बचाउन सदस्यहरूले सहकारीलाई मेरो भने पुग्छ । दोस्रो सङ्कलित बचतलाई यथास्थानमा मुल मर्म र भावनाका साथ वित्तीय सिद्धान्तलाई पालना गर्दै परिचालन गर्नु पर्दछ । तेस्रो सहकारीलाई कमाई खाने भाँडोका रुपमा ग्रहण गरी आफूले सहकारीको विकासका लागि केही नगर्ने तर सहकारीबाट अनपेक्षित फाइदा लिन खोज्ने प्रवृत्तिको समूल अन्त हुनु पर्दछ ।

सहकारी भनेको सहकार्य पनि भएकोले सबै सदस्यहरूले यो संस्थाको विकासको लागि केही समय निकाली संस्थाको विकासको लागि लाग्नुहुन हार्दिक अनुरोध गर्दै संस्थाको विकासका हामी सबैको साथ जोडिएकोले यहाँहरूको समयको अत्यधिक खाँचो रहेको र सबैले मेरो तेरो जिम्मेवारी नभई हाम्रो संस्था हाम्रो जिम्मेवारी भन्ने भावनाका साथ लाग्नु हुन अनुरोध गर्दछु । उक्त कार्यको लागि आआफ्नो समयको व्यवस्थापन महत्त्वपूर्ण रहेको कुरा अनुरोध गर्दछु ।

कर्जाको स्रोत जुटाउन प्रदेश सरकार, केन्द्रीय सरकाससँग सम्पर्क गरिरहेका छौं । हाल स्वरोजगार कर्जामार्फत रु. ३४ लाख प्राप्त हुनुपर्नेमा १७ लाख प्राप्त गरी सदस्यहरूलाई लगानी गरिसकेका छौं । अब बाँकी १७ लाख छिट्टै प्राप्त हुने आश्वासन पाएका छौं । निक्षेपकर्ताको बचतको रक्षा गर्नु र समयमा भुक्तानी दिनु संस्थाको महत्त्वपूर्ण काम भएकोले समय सापेक्ष तरलताको व्यवस्था मिलाई संस्थाको शाखलाई माथि उठाउने कार्य गरेका छौं ।

कार्यालयको हिसाबकिताब दोहोरो लेखा प्रणालीमा दुरुस्त राखिएको छ र आजसम्म अनलाइन सिस्टम र बहीखाता सिस्टम (मेनुअल) दुवै अध्यावधिक राखिएको छ । समयसापेक्ष हुने र गर्न सकिने सुविधाहरूको खोजीमा छौं । उपलब्ध सेवाहरूको भरपुर उपयोग गर्न म सम्पूर्ण सेयरसदस्य महानुभावहरूलाई हार्दिक आह्वान गर्दछु ।

**अध्यक्ष महोदय,**

२०८० आषाढ मसान्तमा सेयर पुंजी रु १,६३,४९,६००।- भएकोमा हाल २०८१ आषाढ मसान्तमा सेयर पुँजी रु. १,६७,६६,०००।- र सेयर सदस्य सङ्ख्या १३५५ पुगेको जानकारी गराउँछु ।

**निकट भविष्यमा गरिने कार्यहरू :**

१) मोबाइल बैङ्किङ सेवा उपलब्ध गराउने,
२) समयसापेक्ष डिजिटल तथा प्राविधिक सेवामा जोड दिने,
३) उत्पादनमूलक उद्योग व्यवसाय तथा परियोजना सञ्चालन गरिने,
४) आवश्यक नीति बनाई निक्षेप तथा पुँजी वृद्धि गर्ने,
५) चेकद्वारा भुक्तानी प्रणाली लागु गर्ने ।

अब म आ.व. ०८०/०८१ को वास्तविक र ०८१/०८२ अनुमानित आयव्यय विवरण यहाँहरू माझ राख्ने अनुमति माग्दछु ।

# पौरखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

ने.ग.उ.म.न.पा-१८ कारकाँदो, बाँके

## आय विवरण

**आ.व ०८०/०८१ अनुमानित, यथार्थ र ०८१/०८२ को अनुमानित आय विवरण**

| क्र. सं | विवरण | आ.व २०८०/०८१ को अनुमानित आय | आ.व २०८०/०८१ को यथार्थ आय | आ.व २०८१/०८२ को अनुमानित आय |
|---|---|---|---|---|
| १ | **सेयर बिक्री** | ३६,५०,४०० | ९,९१,५०० | १४,००,००० |
| २ | **कोष प्राप्त** | ५,३१,००० | ६,८८,१२५.४१ | ९,००,००० |
| क) | **साधारण जगेडा कोष** | १,३०,००० | १,७२,०३१.३५ | २,५०,००० |
| ख) | **अन्य जगेडा कोष** | ४,०१,००० | ५,१६,०९४.०६ | ६,५०,००० |
| ३ | **निक्षेप प्राप्त** | ७,४०,२०,००० | ७,१८,९३,९५३.०९ | ८,०१,४०,००० |
| ४ | **ऋण असुली** | ४,००,००,००० | ३,७९,२०,४८७ | ४,५०,००,००० |
| ५ | **पा.प प्राप्त** | १,००,००,००० | ७६,५७,२०८.१२ | ८०,००,००० |
| ६ | **अन्य दायित्व** | ३५,००,००० | ३,८७,८४०.०७ | १०,००,००० |
| ७ | **बाह्य ऋण प्राप्त** | १,५०,००,००० | ० | १,००,००,००० |
| ८ | **स्थिर सम्पत्ति (ह्रासकट्टी)** | १,५०,००० | १,१५,४२६.३४ | १,३०,००० |
| ९ | **भुक्तानी दिनुपर्ने हिसाव** | ९०,००,००० | १,४९,७६,०७३.८२ | १,५०,००,००० |
| १० | **जम्मा आम्दानी** | २,१०,७८,६०० | २,१५,२१,६६७.९८ | २,८३,३०,००० |
| क) | **बिक्रीबाट आम्दानी** | ७७,५३,६०० | १,०७,८८,९६० | १,४९,७५,००० |
| १ | रासायनिक मलखाद बिक्री | ११,७९,२८२ | १५,७५,७८० | २०,००,००० |
| २ | ग्याँस बिक्री | ६५,१६,९५० | ९१,९३,५८० | १,२८,७५,००० |

| क्र. सं | विवरण | आ.व २०८०/०८१ को अनुमानित आय | आ.व २०८०/०८१ को यथार्थ आय | आ.व २०८१/०८२ को अनुमानित आय |
|---|---|---|---|---|
| ३ | गहुँ बिक्री | ३०,००० | ० | ५०,००० |
| ४ | धान बिक्री | २७,३६८ | १९,६०० | ५०,००० |
| **ख)** | **अन्य आम्दानी** | १,३३,२५,००० | १,०७,३२,७०७.९८ | १,३३,५५,००० |
| १ | हर्जाना | २,००,००० | ८८,५७३ | १,००,००० |
| २ | ऋणबाट ब्याज असुली | १,००,००,००० | ८६,७१,३५१ | १,००,००,००० |
| ३ | प्रभु रेमिट,आई एम.ई. रेमिट र आई एम.ई. पे कमिशन | ४०,००० | २७,४३०.१७ | ४०,००० |
| ४ | सेयर लगानीबाट प्राप्त लाभांस | २०,००० | ० | २०,००० |
| ५ | बैङ्क ब्याज प्राप्त | ४,००,००० | ४,८९,९१५.४२ | ५,००,००० |
| ६ | परियोजनाबाट आम्दानी | १०,००,००० | ० | ५,००,००० |
| ७ | पासबुक बिक्री | ५,००० | २७० | ५,००० |
| ८ | ऋण व्यवस्थापन शुल्क | ३,००,००० | ४,२०,७२५ | ५,००,००० |
| ९ | धितो मूल्याङ्कन शुल्क | ३,००,००० | २,७७,२६५ | ५,००,००० |
| १० | ऋण जोखिम व्यवस्थापन | २,००,००० | ० | २,००,००० |
| ११ | ऋण माग फाराम (कागजात) | ५०,००० | ३५,०१० | ५०,००० |
| १२ | प्रवेश शुल्क | ५०,००० | ३३,००० | ५०,००० |
| १३ | विविध आम्दानी | १,५०,००० | २५,४१९.३९ | १,५०,००० |
| १४ | क्यालेन्डर बिक्रीबाट प्राप्त | ६०,००० | ८०,२५० | ९०,००० |
| १५ | एस एम एस सेवा शुल्क | १,५०,००० | ९०,४०० | १,५०,००० |
| १६ | अन्तिम मौज्दात | ४,००,००० | ४,९३,०९९ | ५,००,००० |
| १७ | बैङ्क मौज्दात | ८०,००,००० | १,५३,५६,६०६.६९ | १,२०,००,००० |
| | जम्मा | १८,४९,३०,००० | १७,१५,०८,८८८.५२ | २०,१९,००,००० |

# पौरखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

ने.ग.उ.म.न.पा-१८ कारकाँदो, बाँके

## व्यय विवरण

**आ.व ०८०/०८१ को अनुमानित, यथार्थ र ०८१/०८२ को अनुमानित व्यय विवरण**

| क्र. सं. | विवरण | आ.व. २०८०/०८१ को अनुमानित खर्च | आ.व. २०८०/०८१ को यथार्थ खर्च | आ.व. २०८१/०८२ को अनुमानित खर्च |
|---|---|---|---|---|
| १. | **सुरुको मौज्दात** | २,८०,००० | ३,२४,३५६ | ४,९५,००० |
| २. | **बैङ्क मौज्दात** | ८१,००,००० | १,५४,९०,३२२.७५ | २,१०,००,००० |
| ३. | **सेयर हस्तान्तरण** | ३,००,००० | ५,७५,१०० | ४,००,००० |
| ४. | **ऋण लगानी** | ४,५०,००,००० | ४,६३,२६,७२२ | ५,२८,७५,००० |

| क्र. सं. | विवरण | आ.व. २०८०/०८१ को अनुमानित खर्च | आ.व. २०८०/०८१ को यथार्थ खर्च | आ.व. २०८१/०८२ को अनुमानित खर्च |
|---|---|---|---|---|
